किस्पाङ गाउँपालिकाको गाउँसभाको चौधौं अधिवेशनमा सभाअध्यक्ष
श्री बिरवल तामाङ द्वारा प्रस्तुत आर्थिक वर्ष २०८१/८२ को

# वार्षिक नीति तथा कार्यक्रम

मिति २०८१।०३।१० गते रोज २ शुभम्

बिरवल तामाङ
अध्यक्ष

किस्पाङ गाउँपालिकाको गाउँसभाको चौधौं अधिवेशनमा सभाअध्यक्ष श्री बिरवल तामाङ द्वारा प्रस्तुत आर्थिक वर्ष २०८१/८२ को वार्षिक नीति तथा कार्यक्रम

वार्षिक नीति तथा कार्यक्रम

सभाका सदस्यज्यूहरू,

आज मिति:२०८१।०३।१० मा किस्पाङ गाउँपालिकाको गाउँसभाको यो चौधौं अधिवेशनमा गाउँपालिका सभा अध्यक्षको हैसियतले आर्थिक वर्ष २०८१/८२ को वार्षिक नीति तथा कार्यक्रम प्रस्तुत गर्न अनुमति चाहान्छु ।

सभाका सदस्यज्यूहरू,

यस मरिमामय सभामा गाउँपालिकाको आर्थिक वर्ष २०८१/०८२ को वार्षिक नीति तथा कार्यक्रम पेश गर्न पाउँदा मैले आफूलाई गौरवान्वित महशुस गरेको छु। सर्वप्रथम नेपालमा लोकतन्त्र स्थापनाका खातिर विभिन्न समयमा भएका आन्दोलन, संघीयता स्थापनाको क्रममा भएका ऐतिहासिक आन्दोलनहरूका घाइते, अपाङ्ग, बेपत्ता पारिएका व्यक्ति र परिवारका सदस्य गुमाएका तमाम नागरिक प्रति उच्च सम्मान गर्दै संघीय लोकतान्त्रिक गणतन्त्रात्मक शासन व्यवस्था स्थापना गर्नका निमित्त जीवन बलिदान गर्नु हुने सम्पूर्ण शहिदहरू प्रति भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दछु।

किस्पाङ वासीको सम्मृद्धि र सुखको मुख्य दस्तावेज आर्थिक वर्ष २०८१।८२ को वार्षिक नीति तथा कार्यक्रम तर्जुमाका क्रममा आफ्नो पदीय भूमिकामा रही कार्य गर्नुहुने सम्पूर्ण विषयगत समितिका पदाधिकारी, किस्पाङ गाउँपालिकाका कर्मचारीहरू साथै यस नीति तथा कार्यक्रमलाई जनमुखी बनाउन आफ्नो अमूल्य सुझाव प्रदान गर्नुहुने नि-वर्तमान जनप्रतिनिधि, राजनैतिक दल, टोल विकास संस्था, विभिन्न समितिहरु, क्लव, संस्था, समूह, निजी क्षेत्र, सहकारी क्षेत्र, गैर सरकारी संस्थाका प्रतिनिधी र विभिन्न अधिकार वादी संघ संस्थाका प्रतिनिधिका साथै सम्पूर्ण किस्पाङ वासी आमा, बुवा, दाजुभाई तथा दिदी बहिनीहरूमा हार्दिक धन्यवाद व्यक्त गर्दछु।

सभाका सदस्यज्यूहरु

स्थानीय सरकार स्थापना भइसकेपछी दोश्रो पटक स्थानीय तहको निर्वाचन भई गठन भएको स्थानीय सरकारको कार्यकाल पनी २ आर्थिक वर्ष व्यतित भइसकेको अवस्था छ । यो अवधिमा किस्पाङ गाउँपालिका भित्र भौतिक पूर्वाधार विकासको अवस्था सवल नै भएपनी सामाज विकासको क्षेत्रमा अझै धेरै कार्य गर्नुपर्ने आवश्यक देखिन्छ । सामाजिक न्याय, सामाजिक सूरक्षा, सामाजिक संरक्षण, सामाजिक चेतनाको विकास, श्रम संस्कारको विकास गर्दै लोक कल्याणकारी राज्य व्यवस्था स्थापना गर्नु आजको आवश्यकता रहेको छ । उद्यमशिलताको विकास मार्फत रोजगारी सृजना गर्दै किस्पाङ

बिरवल तामाङ
अध्यक्ष

गाउँपालिकाको आन्तरिक आयमा वृद्धि गर्दै आत्म निर्भर किस्पाङ निर्माण गर्नु पनी अवको मुख्य अभिभारा रहेको छ । सु-संस्कृत समतामूलक समृद्ध किस्पाङ निर्माण गर्ने हाम्रो संकल्प, गाउँपालिकावासीको समृद्धिको चाहना र हामीले निर्वाचनका क्रममा व्यक्त गरेका प्रतिज्ञाहरू साथै देखेका सपनाहरू क्रमवद्धरूपमा पुरा गर्ने दिशामा आगामी आ. व. २०८१/८२ को नीति तथा कार्यक्रमलाई लक्षित गरेको छु। दीगो विकासको लक्ष्य अनुरूप गुणस्तरीय पूर्वाधार निर्माण सहित स्थानीय स्रोतको पहिचान र परिचालन गरी समावेशी, समतामूलक, जलवायु उत्थानशील तथा दिगो स्थानीय आर्थिक विकास, श्रम संस्कृतिको विकास, उद्यमशिलता विकास, सामाजिक पूर्वाधारको विकास सवै प्रकारका भेदभावको अन्त्य सहितको समतामूलक समाजको निर्माण मार्फत सु-संस्कृत समतामुल र समृद्ध किस्पाङको दीर्घकालीन सोच अनुरूप लक्ष्य हासिल गर्न यो नीति तथा कार्यक्रम लक्षित रहेको जानकारी गराउन चाहन्छु ।

सभाका सदस्यज्यूहरू,

आर्थिक वर्ष २०८१/८२ को निमित्त विभिन्न विषयगत क्षेत्रमा राखिएका लक्ष्य हाँसिल गर्न हामिले अवलम्बन गर्ने नीतिहरु प्रस्तुत गर्न चाहन्छु ।

नीति तथा कार्यक्रम तर्जुमाका आधारहरु

**सभाका सदस्यज्यूहरु**

म सर्वप्रथम आर्थिक वर्ष २०८१।८२ को नीति तथा कार्यक्रम तर्जुमाका आधारहरु प्रस्तुत गर्न चाहन्छु ।

नेपालको संविधान, मौलिक हक, राज्यका निर्देशक सिद्धान्त र नीतिहरु, संघ प्रदेश र स्थानीय तहको अन्तरसम्बन्धका आधारहरु

- स्थानीय सरकार संचालन ऐन २०७४
- पन्ध्रौ आवधिक योजनाको लक्ष रणनीति र उद्देश्यहरु
- स्थानीय सरकारको वार्षिक योजना तथा बजेट तर्जुमा दिग्दर्शन
- दिगो विकासका लक्षहरु
- संघीय प्रादेशिक तथा स्थानीय तहको प्रचलित कानून, नीति, योजना तथा कार्यक्रमहरु
- जनताको विकास र सेवा प्रवाहका अपेक्षाहरु
- स्थानीय आवश्यकता र राजश्वको क्षमता
- विभिन्न विद्वान बर्ग र सरोकारवालाको राय सल्लाह र सुझावहरु

विरकमान थामाङ
अध्यक्ष

विद्यमान चुनौतिहरु

- दिगो र सर्वशुलभ भौतिक पूर्वाधार, श्रम संस्कृतिको विकास मार्फत समृद्ध किस्पाङ निर्माण गर्नु ।
- परम्परागत कृषि तथा पशुपन्छी व्यवसायलाई आधुनिकीकरण गरी व्यवसायीकरण गर्नु
- समाज विकास मार्फत सामाजिक चेतना अभिवृद्धी गर्नु ।
- सवै प्रकारका विभेद, शोषण र अन्यायको अन्त्य गरी सामाजिक न्यायमा आधारीत समता मूलक समाज निर्माण गर्नु ।
- सामुदायिक विद्यालयको शैक्षिक गुणस्तरमा सुधार गर्नु ।
- गाउँपालिकाको कच्ची सडकहरुलाई क्रमश स्तरोन्ती गर्दै लैजानु ।
- उद्यमशिलताको विकास, स्वरोजगारी र रोजगारी मार्फत गरिवी निवारण गर्नु ।
- संस्थागत सुशासन प्रभावकारी तुल्याउनु ।
- दिगो विकास, जलवायु अनुकुल , लैङ्गिक उत्तरदायी विकासको अवधारणालाई प्राथमिकिकरण गर्नु ।

## विद्यमान अवसरहरु

- सांस्कृतीक विविधता र विविधता भित्रको एकता र सहिस्णुता ।
- पर्यटकीय दृष्टिकोणले महत्वपुर्ण सम्भावना बोकेको लुम्बुडाडा मनकामना मन्दिर, पानसय खोला भेडा फार्म ,दुम्पाङ , गयरफुङफुङ झरना, फिकुरी महादेव, नौघडेरी, किस्पाङ पोखरी, चामछ्प्पा ताजी नाताङघर टुडी रहेको पालिका
- पूर्वाधार विकासको सवल अवस्था
- उच्च मूल्य युक्त बालिहरु कफी, अलैची, किवी, चिराइतो,यार्शागुम्बा र भेडा चौरी जस्ता पशुपालन तथा रेम्बो ट्राउट माछा पालनको लागि प्रचुर सम्भावना ।

## पर्यटन विकास

सिङ्ला भाने ,गणेश हिमाल, लामटाङ हिमाल लगायतका हिमालहरुको मनमोहक दृष्य हेर्न सकिने ।

आगामी आर्थिक वर्षको नीति तथा कार्यक्रमका प्राथिमिकताहरु

- सामुदायिक विद्यालयहरुको गुणस्तरीय शिक्षामा सुधार र सर्वशुलभ शिक्षा ।
- श्रम संस्कृतिको विकास, उद्यमशीलता विकास मार्फत स्वरोजगारी र रोजगारी सृजना ।
- परम्परागत र घरेलु उत्पादनलाई प्रोत्साहन ।

अध्यक्ष

- सामाजिक सुरक्षा र संरक्षण, सामाजिक न्याय र समानता ।
- किस्पाङ जागरण अभियान संचालन ।
- सुशासन र संस्थागत क्षमता अभिवृद्धि ।
- पारदर्शी र जवाफदेही शासन, हेलो किस्पाङ टेलिफोन हटलाई संचालन ।
- ज्येष्ठ नागरिक एकल महिला र आमाबाबु विहिन तथा टुहुरा बालबालिकाको विशेष संरक्षण ।

**सभाका सदस्य ज्यूहरु**

अव म किस्पाङ गाउँपालिकाको आगामी आर्थिक वर्षको क्षेत्रगत नीति तथा कार्यक्रमहरु प्रस्तुत गर्ने चाहन्छु ।

<u>सामाजिक विकास सम्बन्धी नीति</u>

<u>स्वास्थ्य तथा सरसफाई नीति</u>

१. गाउँपालिका भित्र गुणस्तरीय र आधारभुत स्वास्थ्य सेवाको सुनिश्चितताको लागि पाँचवटै वडाका स्वास्थ्य चौकिहरुबाट सेवा प्रदान गर्ने गरी एम.बि.बि.एस डाक्टरको व्यवस्था गरिनेछ।

२. महिलाहरूको पाठेघर स्क्रिनिङ, आँखा शिविर प्रोस्टेट लगायत स्वास्थ्य समस्या स्क्रिनिङ शिविर सबै वडामा सञ्चालन गरिनेछ र अन्य शिविरहरु संचालनलाई निरन्तरता दिइनेछ ।

३. अध्यक्षसंग जेष्ठ नागरिक स्वास्थ्य कार्यक्रम मार्फत गाउँपालिका भित्रका ७० बर्ष नाघेका सबै जेष्ठ नागरिकको घरैमा पुगेर नियमित स्वास्थ्य परिक्षणको व्यवस्था गरिनेछ।

४. दलित र विपन्न नागरिकको निशुल्क स्वास्थ्य विमा कार्यक्रमलाई निरन्तरता दिइ यसको दायरा बृद्धि गर्दै गाउँपालिका भित्रका सबै दीर्घरोगी र अति विपन्न नागरिक हरुको निशुल्क स्वास्थ्य बीमाको व्यवस्था गरिनेछ।

५. सबै स्वास्थ्य शाखाहरुमा इ-हाँजिरीको व्यवस्था गरी संस्थागत सुशासनलाई प्रभावकारी तुल्याईनेछ ।

६. घरमा सुत्केरीहुने अवस्था लाई शुन्य गरिनेछ ।

७. स्वास्थ्य सेवालाई किशोर किशोरी मैत्री बनाईनेछ ।

८. सुरक्षित गर्भपतन सेवालाई थप व्यवस्थित गरिनेछ ।

९. स्वास्थ्य चौकिको सेवा प्रवाहलाइ थप व्यवस्थित गर्न एकै स्वास्थ्य चौकिमा ३ वर्ष सेवा गरेका कर्मचारीलाइ अनिवार्य सरुवाको नीति लिइ कार्यान्वयन गरिने छ ।

विरवल तामाङ
अध्यक्ष

१०. गर्भवती महिलाको स्वास्थ्यलाई मध्ये नजर गरी नियमित रुपमा स्वास्थ्य संस्थामा स्वास्थ्य परिक्षण गर्ने व्यवस्था मिलाई संस्थागत प्रसुतीलाई प्रेरित गर्दै प्रसुतिको लागि निशुल्क एम्बुलेन्सको व्यवस्था गरिनेछ ।

११. सामुदायिक विद्यालयमा स्वास्थ्य सेवा कार्यक्रम संचालन गरी विद्यार्थीको नियमित स्वास्थ्य जाँचगर्ने तथा किशोर किशोरीलाई उचित स्वास्थ्य परामर्ष सेवा प्रदान गरिनेछ ।

१२. आधारभूत स्वास्थ्य सेवाको लागि आवश्यक औषधि तथा उपकरणहरुको सुनिश्चितताका लागि आवश्यक व्यवस्था गरिनेछ ।

१३. गुणस्तरीय स्वास्थ्य सेवामा सबैको समता मुलक पहुँच हुने गरी स्वास्थ्य संस्थाहरूको न्यूनतम सेवाको मापदण्ड कार्यन्वयन गरी गुणस्तरीय स्वास्थ्य सेवाको सूनिश्चितता गरिनेछ ।

१४. सबै वडाको जनसंख्याको विवरण लिन घरधुरी सर्वेक्षणको लागि म.स्वा.से स्वास्थ्यकर्मी खटाई जनसंख्या विवरण अद्यावधिक गरिनेछ ।

१५. गाउँपालिका स्तरीय फोहोरमैला व्यवस्थापनको लागि ल्याण्डफिल्ड जग्गा व्यवस्थापन गरिनेछ ।

१६. एच.आइ.भि.एड्स संक्रमित व्यक्तिहरूलाई पोषण खर्चको व्यवस्थापन गरिनेछ ।

१७. स्वास्थ्यचौकीमा आवश्यकता अनुसार खोप भण्डारण र प्रयोगशाला सेवाको विस्तार गरिनेछ ।

१८. सबै वडाहरूमा आँखा शिविर र नसर्ने रोगलाई न्यूनिकरण गर्न स्वास्थ्य प्रवर्धनात्मक, निधानात्मक, उपचारात्मक सेवामा विशेष जोड दिइनेछ ।

१९. स्वस्थ्य आमा स्वस्थ्य समाज कार्यक्रमको प्रभावकारीताका लागि सुनौला हजार दिनका महिला तथा बालबालिकाको पोषणलाई मध्यनजर गर्दै अण्डाझण्डा कार्यक्रमलाई निरन्तरता दिइनेछ ।

२०. गाउँपालिका स्तरीय आधारभूत अस्पताल निर्माण कार्य सम्पन्न गर्न आवश्यक कार्य गरिनेछ ।

२१. स्वास्थ्य आमा समूहको क्षमता विकास र शसक्तिकरण मार्फत आमा स्वास्थ्य कार्यक्रमलाई प्रभावकारी गरिनेछ ।

२२. किस्पाङ गाउँपालिकाका जनताहरूलाई सुरक्षित मातृत्व, बाल स्वास्थ्य, किशोर किशोरी यौन प्रजनन स्वास्थ्य, ज्येष्ठ नागरिक लगायत स्वास्थ्य सेवा सम्बन्धित स्वास्थ्य चौकीबाट नियमित चुस्त-दुरूस्त सेवा प्रवाह गर्न औषधि उपकरणको व्यवस्था गरिनेछ ।

२३. महामारी तथा सरुवा रोग नियन्त्रण, रोकथाम तथा निगरानीलाई प्रभावकारी रूपमा लागू गर्न खानेपानी, खाद्य पदार्थ गुणस्तर निगरानी गर्ने व्यवस्थालाई संस्थागत गरिनेछ ।

२४. गाउँपालिकामा २४ सै घण्टा एम्बुलेन्स सेवाको सुनिश्चितता गरिनेछ ।

२५. स्वास्थ्य व्यवस्थापन समितिको क्षमता अभिवृद्धिका लागि उचित तालिमको व्यवस्था गरिनेछ ।

२६. पोषणयुक्त खानेकुराको जनचेतना फैलाउन सबै वडामा कार्यक्रम लागू गरिनेछ ।

विरबल तामाङ
अध्यक्ष

२७. हाल बढीरहेको मानसिक रोग न्यूनिकरण गर्न मनोसामाजिक परामर्श तथा स्वास्थ्य सेवा सञ्चालन गरिनेछ ।

२८. नियमित खोप कार्यक्रमलाई प्रवर्द्धन गर्दै कोभिड १९ लगायत अन्य विशेष खोप अभियान सञ्चालन गरी रोगलाग्ने दर र मृत्युदर घटाउन पहल गरिनेछ ।

२९. स्वास्थ्य सूचना प्रणालीमा तथ्याङ्क प्रविष्ट गर्ने कार्यलाई थप व्यवस्थित गर्दै लगिनेछ ।

३०. स्वास्थ्य गुरूयोजना २०८१ तयार गरी लागू गरिनेछ ।

३१. २४ घण्टे प्रसुती सेवामा संलग्न नर्सिङ कर्मचारीलाई आवश्यक सेवा सुविधाको व्यवस्थापन गरिनेछ ।

३२. सामुदायिक महिला स्वास्थ्य स्वयं सेविकाहरूको मनोबल उच्च राख्न थप कार्यक्रम ल्याइनेछ ।

३३. किस्पाङ नागरिक आरोग्य सेवालाई थप प्रभावकारी बनाउन आवश्यक व्यवस्था गरिनेछ ।

३४. आयुर्वेदिक औषधि नि शुल्क वितरण गर्न आवश्यक व्यवस्था गरिनेछ ।

३५. पोषण मैत्री गाउँपालिका वानाइने छ ।

३६. प्राचीन प्राकृत्तिक चिकित्सा विधीको उपयोगमा ल्याई किस्पाङबासीलाई सर्वसुलभ खर्चमा जटिल रोगको उपचार गरिने व्यवस्था मिलाउने छ ।

<u>शिक्षा यूवा तथा खेलकुद सम्बन्धी नीति</u>

३७. विद्यालय शिक्षालाई गुणस्तरीय, प्रभावकारी, सर्वव्यापी, जीवन उपयोगी, प्रतिस्पर्धी, सिपयुक्त, व्यवहारिक, प्रविधिमैत्री रोजगार मूलक र उत्पादनमुखि बनाई देश विकासको विभिन्न क्षेत्रमा आवश्यक पर्ने मानव संशाधन निर्माणको आधारशिला तयार गरिनेछ ।

३८. शिक्षाको माध्यमबाट सभ्य, स्वस्थ, सु-संस्कृत, सदाचार र नैतिकतामा आधारित, समृद्ध र समतामूलक समाजको निर्माणमा जोड दिइनेछ।

३९. निर्वाचित जनप्रतिनिधि, शिक्षक र कर्मचारीका सन्ततिलाई सरकारी विद्यालयमा भर्ना प्राथमिकताका लागि आवश्यक व्यवस्था गरिनेछ ।

४०. किस्पाङ गाउँपालिका भित्रका सामुदायिक तथा संस्थागत विद्यालयहरुमा पत्रुखाना तथा प्रषोधित पेय पदार्थ र खाद्यान्न निषेध गरिनेछ ।

४१. विद्यार्थीहरुलाई प्रकृति संग जोड्न र उत्पादन मुखी संस्कारको विकास गर्न सरकारी बाझो जग्गा प्रयोग गरी कृषि कार्य सम्बन्धी प्रयोगात्मक अभ्यास गराईने व्यवस्था मिलाईनेछ ।

४२. सामुदायिक विद्यालयहरु वीच शैक्षिक गुणस्तर अभिवृद्धिमा प्रतिस्प्रधात्मक भावनाको विकास गर्न उत्कृष्ट विद्यालय, शिक्षक, विद्यालय व्यवस्थापन समिति र विद्यार्थीलाई पुरस्कृत गर्ने नीति लाईनेछ ।

विरबल तामाङ
अध्यक्ष

४३. प्रधानाध्यापकहरुलाई उत्प्रेरित गर्दै सामुदायिक विद्यालयको व्यवस्थापकीय क्षमतालाई प्रभावकारी बनाउन प्रधानाध्यापकहरुको मासिक भत्ता र बैठक भत्ता वृद्धि गरिनेछ साथै मासिक इन्धनको लागि आवश्यक व्यवस्था गरिनेछ ।

४४. शिक्षक तथा विद्यालय कर्मचारीहरूको प्राविधिक क्षमता विकास गर्न आई.सि.टि, तथ्याङ्क व्यवस्थापन, लेखा, इमिश, तथा क्षमता विकास सम्बन्धी तालिमको व्यवस्था गरिनेछ ।

४५. परिवर्तित नयाँ पाठ्यक्रमलाई थप प्रभावकारी बनाउन शिक्षकहरुलाई तालिमको व्यवस्थापन गरिनेछ ।

४६. जेहेन्दार छोरीहरुको लागि उच्च शिक्षा अध्ययन गर्न प्रोत्साहन गरी सभ्य र समता मूलक समाज निर्माण गर्न स्नातक तह अध्ययनको लागि आवश्यक छात्रवृत्तिको व्यवस्था गरिनेछ ।

४७. कम्तीमा प्रत्येक २/२ वर्षमा तथा आवश्यकता अनुसार शिक्षकलाई गाउँपालिका भित्रका विभिन्न विद्यालयहरूमा सरुवा तथा काज सरुवा गरिने र प्रत्येक ३ वर्षमा प्र.अ. परिवर्तन गरिने व्यवस्था मिलाइनेछ ।

४८. विद्यार्थीहरुको क्षमता वृद्धि गर्न अतिरिक्त क्रियाकलाप थप प्रभावकारी बनाउन खेलकुद शिक्षक, संगित र नृत्य शिक्षककोलागि आवश्यक व्यवस्था गरिनेछ ।

४९. परिवर्तित पाठ्यक्रमको लागि थप अनुदान रकमको व्यवस्थापन गरिनेछ ।

५०. कोभिड-१९ को कारण शिक्षा क्षेत्रमा परेको प्रभावलाई न्यूनीकरण गर्ने कार्यक्रमहरू सञ्चालन गरिनेछ ।

५१. नेपाल सरकारको शैक्षिक नीति, ऐन, कानूनले तोकेको मापदण्डअनुसार विद्यालय समायोजन, नामाकरण, तह वृद्धि तथा घटुवा, शिक्षक दरबन्दी मिलान, सरुवा, करारमा शिक्षक नियुक्ति, शिक्षकमा सक्षमता विकासका कार्यहरू गरिनेछ ।

५२. सबै विद्यालयहरूका शैक्षिक पहुँच र गुणस्तर अभिवृद्धि गर्न छात्रवृत्ति, अभिभावक शिक्षा र निःशुल्क शैक्षिक सामाग्री वितरण कार्यक्रम सञ्चालन गरिनेछ र गाउँपालिका अन्तर्गतका प्रत्येक विद्यालयमा शिक्षा समिति, सामाजिक विकास समिति तथा कार्यालयबाट महिनामा कम्तीमा एक पटक अवलोकन, निरीक्षण तथा सुपरीवेक्षण गरिनेछ,

५३. विद्यालयमा महिलामैत्री वातावरण सृजना गर्न सेनेटरी प्याड वितरण र सोको व्यवस्थापनको उचित प्रबन्ध मिलाइनेछ ।

५४. गाउँपालिका क्षेत्रभित्र सञ्चालित सबै सामुदायिक विद्यालयहरूमा अनिवार्य विद्युतिय हाजिरीको प्रबन्ध गरिनेछ ।

५५. "प्राविधिक तथा उत्पादनमुखी शिक्षा, समृद्ध किस्पाङको इच्छा" भन्ने नारालाई मूर्तरूप दिन प्राविधिक शिक्षालाई जोड दिइनेछ।

५६. किस्पाङको मौलिक र उत्पादनमुखी शिक्षालाई प्रोत्साहन गर्न स्थानीय पाठ्यपुस्तक कक्षा १ देखी ३ निर्माण गरी कार्यान्यनमा ल्याईनेछ ।

विरबल तामाङ
अध्यक्ष

५७. बालविकास केन्द्रमा कार्यरत शिक्षकलाई नेपाल सरकार तथा प्रदेश सरकारले न्यूनतम पारिश्रमिकको व्यवस्था नगरेसम्म गा.पा. बाट प्रोत्साहन कार्यक्रमलाई निरन्तरता दिँदै समय अनुकुल आवश्यक वृद्धि गरिनेछ ।

५८. किस्पाङ गाउँपालिका भित्रका सामुदायिक सिकाई केन्द्रमा कार्यरत सामाजिक परिचालिकाहरुलाई थप प्रोत्साहन गर्ने नीति लिईनेछ ।

५९. कला, साहित्य र संस्कृतिको प्रवर्धन गर्न साहित्यिक बुलेटिन र सङ्गित बाद्यवादनका सामाग्रीहरू प्रत्येक माध्यामिक विद्यालयमा उपलब्ध गराइनेछ ।

६०. प्रत्येक विद्यालयमा कम्प्युटर प्रविधिको नीति लिदैं आइ.सि.टी. मर्मत तथा सम्भारलाई विशेष जोड दिइनेछ।

६१. परीक्षालाई मर्यादित र गुणस्तरिय बनाउन कक्षा ४ देखि ९ सम्म सम्पूर्ण परीक्षा व्यवस्थापन गर्न गाउँपालिकामा परीक्षा व्यवस्थापन समिति गठन गरी लागू गरिनेछ ।

६२. हरेक विद्यालयमा राष्ट्रिय झण्डा, राष्ट्रिय गान र आचार संहिता बोर्डको नीति ल्याइनेछ ।

६३. शैक्षिक तथ्याङ्क व्यवस्थापन गर्न र सूचनाको हक प्रवर्धन गर्न शैक्षिक बुलेटिन तथा प्रतिवेदन तयार पारिनेछ र प्रत्येक शिक्षक र विद्यार्थीहरूका लागि शिक्षक तथा विद्यार्थीहरूलाई डायरीको व्यवस्था गरिनेछ ।

६४. गाउँपालिका क्षेत्र भित्रका तहगत दरबन्दी शून्य भएका सामुदायिक विद्यालयलाई तह-अनुसारको शिक्षकको नीति ल्याइनेछ र आवश्यक परेको विद्यालयहरूमा शैक्षिक सुदृढीकरण अतिरिक्त कक्षा संचालन गर्ने नीति ल्याइनेछ ।

६५. निजी तथा संस्थागत विद्यालयलाई नियमन गर्दै विद्यालयमा अध्ययनरत विद्यार्थीहरूलाई कम्तिमा १० प्रतिशत विद्यार्थीहरूलाई छात्रबृत्तिको व्यवस्थापन गर्ने व्यवस्था अघि सारिनेछ ।

६६. प्रत्येक बुधवारका दिन मौलिक/साँस्कृतिक पहिचान झल्कने पोशाक, पहिरन र शुक्रवारका दिन किताब रहित (BOOK FREE DAY) लागू गर्दै सो दिन अतिरिक्त क्रियाकलाप सीप विकास (सिलाइ कटाई, फेटा /स्यामा बुनाई, चित्रफुङ्गा बुनाई, कृषि कार्य, मोवाइल, कम्प्यूटर मर्मत, नैतिक शिक्षा, नाटक प्रद्रर्शन, क्षमता प्रदर्शन शैक्षिक सामाग्री निर्माण) खेलकुद प्रतिभा पहिचान कार्यक्रम लागू गरिनेछ ।

६७. प्राविधिक शिक्षा तथा व्यवसायिक तालिम परिषद् अन्तर्गत सामान्य चिकित्सा (HA), फार्मेसी, को अध्यापनको लागि स्वीकृत प्राप्त गरी पालिकाको आफ्नै लगानीमा संचालित किस्पाङ बहुप्राविधिक शिक्षालयको भौतिक तथा शैक्षिक गतिविधि व्यवस्थापनकालागि आवश्यक व्यवस्था गरिनेछ साथै मेडिसिनल एण्ड एरोमेटिक प्लान्ट विषयको अध्यापनको लागि आवश्यक व्यवस्था गर्ने नीति लिइनेछ ।

६८. नेपाल सरकारले प्रदान गर्ने रकममा थप बृद्धि गरी दिवाखाजालाई प्रभावकारी बनाउदै विद्यार्थीको पोषण क्षमता वृद्धि गर्ने नीति लिईनेछ ।

विरवल तामाङ
अध्यक्ष

६९. आवश्यकताका आधारमा सामुदायिक विद्यालयहरुलाई शैक्षिक सुधार कार्यक्रम लागु गरिनेछ ।

७०. विद्यालय शिक्षालाई थप प्रभावकारी बनाउन भौगोलिक जटिलता र विद्यालयको दुरीको विषयलाई मध्ये नजर गर्दै यस आ व मा ज्ञानज्योती माध्यमिक विद्यालयमा विद्यालय बस संचालन गर्न आवश्यक व्यवस्था गर्ने नीति अवलम्बन गरिनेछ ।

७१. अति विपन्न टुहुरा बालबालिकाहरुलाई थप स्टेशनरी वितरण र छात्रवृत्तिको व्यवस्थापन गरिनेछ ।

७२. भौतिक पूर्वाधारको दृष्टिकोणले कमजोर अवस्थामा रहेको जल्जुखोला माध्यमिक विद्यालयको पूर्वाधार निर्माण गर्ने कार्य सम्पन्न गरिनेछ ।

७३. यूवा क्लब परिचालन र राष्ट्रपति रनिङ शिल्ड कार्यक्रमहरू सञ्चालन र विद्यालयमा अध्ययनरत विद्यार्थीहरूको प्रतिभाको पहिचान गर्न विभिन्न अतिरिक्त क्रियाकलाप र खेलकुदको एकिकृत नीति अबलम्वन गरिनेछ ।

७४. युवाहरुमा सकारात्मक सोच र उत्प्रेरणा अभिवृद्धि गर्न र युवा उद्यमशीलता विकास गर्ने नीति अवलम्बन गरिनेछ ।

७५. दुर्व्यसनमा लागेका युवाहरुलाई सामाजिक रुपमा पुनःस्थापना गर्न आवश्यक व्यवस्था गर्ने नीति अवलम्बन गरिनेछ ।

७६. **समुन्नत पालिका हाम्रो शान म बनाउछु मेरो किस्पाङ** अभियानलाई युवा स्वयंसेवक परिचालन संग जोड्ने नीति अवलम्बन गरिनेछ ।

७७. युवा परिषदको समन्वयमा युवा लक्षित र सार्वजनिक सेवा प्रवेशमा युवाहरुलाई प्रोत्साहन गर्न लोकसेवा तथा शिक्षकसेवा आयोगको तयारी कक्षाहरु संचालन गरिनेछ ।

## लैंगिक समानता तथा सामाजिक समावेशीकरण नीति

७८. सबै प्रकारका लैंगिक हिंसा र विभेदको अन्त्य गरिने छ। लैंगिक तथा घरेलु हिंसा निवारणका लागि महिला शसक्तिकरण र क्षमता विकासको कार्यक्रम संचालन गरिने छ।

७९. लैंगिक हिंसापिडितलाई मनोसामाजिक परामर्शका साथै पुर्नस्थापना कार्यक्रम संचालन गरिने छ।

८०. लैंगिक हिंसा विरुद्दको १६ दिने अभियानलाई छोरी आत्मरक्षा साथमा अध्यक्ष कार्यक्रम संग आबद्ध गरी संचालन गरिने छ।

८१. विपन्न तथा एकल महिलालाई उधमशिल बनाउन उधमशीलता विकास कार्यक्रम संचालन गरिने छ।

विरवल तामाङ
अध्यक्ष

८२. वैदेशिक रोजगारीबाट फर्केका महिलाहरुलाई लक्षित गरी उधमशीलता विकास कार्यक्रम संचालन गरिने छ।

८३. लैंगिक समानता तथा सामाजिक समावेशीकरण परीक्षण,लैंगिक समानता तथा सामाजिक समाबेशीकरण कार्ययोजना तयार गरी कार्यान्वयन गरिनेछ ।

८४. लैंगिक समानता तथा सामाजिक समावेशीकरण सम्बन्धी राष्ट्रिय नीति, प्रतिबद्धताहरू र स्थानीय सवालहरूमा गाउँपालिकाका जनप्रतिनिधिहरू तथा कर्मचारीहरूलाई क्षमता विकास गर्ने व्यवस्था गरिनेछ ।

८५. सामाजिक न्याय सहितको विकास मूल प्रवाहमा "कोही पनि पछाडी नछुटुन्" भन्ने अभिप्रायका साथ सिमान्तकृत तथा बञ्चितिकरणमा परेका समुदाय दलित, महिला, बालबालिका, अपाङ्ग, ज्येष्ठ नागरिकलाई परिचयपत्र वितरण, छात्रवृत्ति, सीपमुलक तालिम कार्यक्रमहरू सञ्चालन गरिनेछ ।

८६. महिला, जनजाति, दलित, अपाङ्ग लगायतका क्षेत्रसँग सम्बन्धित राष्ट्रिय तथा अन्तर्राष्ट्रिय दिवसहरू प्रभावकारी रूपमा सञ्चालन गरी सचेतना तथा क्षमता विकासका कार्यक्रम संग आबद्द गरिने छ।

८७. कला ,भाषा ,साहित्य लाई प्रवर्धन गर्न साहित्यक प्रतियोगिता ,गोष्ठि जस्ता क्रियाकलावहरु संचालन गरी पुरस्कृत गर्ने नीति लिईने छ ।

<u>सामाजिक सुरक्षा र संरक्षण सम्बन्धी नीति</u>

८८. नेपाल सरकारको सामाजिक सुरक्षाको नीति अनुरूप ज्येष्ठ नागरिक, दलित ज्येष्ठ नागरिक, एकल महिला, सामाजिक सुरक्षा भत्ताको राष्ट्रिय कार्यक्रमलाई निरन्तरता दिइनेछ ।

८९. सामाजिक सुरक्षा भत्तालाई बैंकिङ प्रणाली मार्फत वितरणको व्यवस्था थप सहज हुनेगरी वातावरण मिलाइनेछ ।

९०. शहिद परिवार, वेपत्ता पारिएका व्यक्तिको परिवार तथा द्वन्द पिडितको सन्ततिको लागि छात्रवृत्ती तथा उधमशीलता विकास कार्यक्रम संचालन गरिने छ ।

९१. किस्पाङको पहिचान जेष्ठ नागरिकको सम्मान को नारालाई कार्यन्वयन गर्न जेष्ठ नागरिकलाई पोषण तथा न्यानो कपडा वितरणको कार्यक्रम संचालन गरिने छ।

९२. दुर्व्यसनमा परेका स्कुल बालबालिका तथा युवाहरु लक्षित कार्यक्रम संचालन गरिने छ।

९३. मनोसामाजिक परामर्श कार्यक्रम स्कुल तथा समुदाय स्तरमा संचालन गरिने छ।

९४. सामाजिक सुरक्षा भत्ता वितरण प्रक्रियालाई सहज बनाइ लक्षित वर्गको सहजिकरणका लागि हरेक त्रैमासिक रुपमा वडा कार्यालय तथा सबैको पायक पर्ने स्थानमा बैंकसँग समन्वय गरी भत्ता वितरण शिविर सञ्चालन गरिनेछ ।

विरवल तामाङ
अध्यक्ष

९५. स्वास्थ्य संस्थामा जन्मिने शिशुको आमाले प्राप्त गरिरहेको सुत्केरी पोषण भत्ता प्राप्त गर्नु पूर्व अनिवार्य रूपमा वडा कार्यालयबाट शिशुको जन्म दर्ता गर्नुपर्ने व्यवस्था लागू गरिने नीति लिइनेछ ।

९६. बाल मैत्री, महिला मैत्री र अपाङ्ग मैत्री संरचना निर्माण तथा वातावरण सृजना तथा सोचको विकास गर्ने नीति लिइनेछ ।

९७. एकल महिला तथा बिधुवाको भत्ता प्राप्त गरिरहेका महिलाहरूले पुनःविवाह गर्ने तर भत्ता भने बुझिरहन सक्ने अवस्था तथा भत्ता प्राप्त गरिरहेका लाभग्राहीको मृत्यु भएको खण्डमा तत्कालै मृत्यु दर्ता नगरी ढिलो मृत्यु दर्ता गरी लाभग्राहीको आफन्तले भत्ता बुझ्न सक्ने अवस्थालाई निराकरण गर्नकालागि त्यस्तो किसिमको सूचना गाउँपालिका सेवा ईकाइलाई उपलब्ध गराउने जो कोहीलाई प्रोत्साहन गर्ने नीति लिइनेछ ।

९८. बाल मैत्री, महिला मैत्री र अपाङ्ग मैत्री संरचना निर्माण तथा वातावरण सृजना तथा सोचको विकास गर्ने नीति लिइनेछ ।

## कृषि तथा पशुपालन विकास नीति

९९. कृषकहरूलाई प्राबिधिक सेवाको पहुँच सहज बनाउन प्रत्येक वडामा कृषि तथा पशु सेवा केन्द्र मार्फत प्राविधिक सेवा र अत्यावश्यक सामाग्री व्यवस्था गरी थप प्रभावकारी बनाइनेछ ।

१००. कृषि बालीको रोग निदानको लागि प्रत्येक वडामा प्रत्येक महिना बाली उपचार शिविर संचालन गरिनेछ ।

१०१. कृषिको उत्पादनमा आधारित प्रोत्साहन अनुदान कार्यक्रम संचालन गरिनेछ ।

१०२. माटोको गुणस्तर अभिवृद्धि गर्न माटो परीक्षण शिविरको व्यवस्था गरिनेछ ।

१०३. बहु उद्देश्यीय नमूना प्लाष्टिक पोखरी निर्माण मार्फत विपद व्यवस्थापन साथै सिँचाई सुविधाको लागि प्रयोग गर्ने नीति अवलम्बन गरिनेछ ।

१०४. उच्च मूल्ययुक्त वालि कफी, अलैची, किवी जस्ता बालीको उत्पादनलाई प्रोत्साहन गर्न उत्पादन प्रोत्साहन अनुदानको व्यवस्था गरिनेछ ।

१०५. किस्पाङको उच्च क्षेत्रमा उत्पादन भएरहेको मार्सी धान (रातो चामल) र सिस्नुको वजारीकरणको लागि बान्डिङ तथा अन्य आवश्यक कार्य गरिने छ ।

१०६. कृषकको टोल बस्तीमै पहुँच हुने गरी पशु स्वास्थ्य घुम्ती शिविर सञ्चालन गरिनेछ ।

१०७. जीविकोपार्जन सुधारमा सहयोगी गैह्र सरकरी संस्थासंग लागत साझेदारीमा कृषि र पशु विकासको नीति लिइनेछ ।

१०८. पशुहरुको थुनेलो तथा बाँझोपन निवारण कार्यक्रम संचालन गरी दुध उत्पादनलाई प्रोत्साहन गर्ने नीति अवलम्बन गरिनेछ ।

विरबहादुर तामाङ
अध्यक्ष

१०९. भेडा पालनलाई प्रोत्साहित गर्न भेडा पालन तथा भेडा विकास प्रवर्धन तथा भेडाको उन प्रशोधन गरी तयारी उन उत्पान गर्न आवश्यक व्यवस्था गरीनेछ ।

११०. रेन्बो ट्राउट माछा पालनलाई प्रवर्धन गर्दै रोजगारी सृजना उद्यमशिलता विकास र पर्यटन विकासको लागि ट्राउट माछा उत्पादन अनुदानको व्यवस्था गरीनेछ ।

१११. व्यवसायिक रुपमा भेडा बाख्रापालन तथा लेयर्स/लोकल कुखुरा पालनको लागि आवश्यक अनुदान व्यवस्थापन नीति अवलम्बन गरीनेछ ।

११२. कृषि र पशुविज्ञानको प्राविधिक शिक्षा अध्ययनको लागी छात्रवृत्ती व्यवस्थापन गर्ने नीति अबलम्बन गरिने छ।

११३. अनुदान मल वितरणलाई व्यवस्थित बनाइनेछ। अनुदान मलको ढुवानी गाउँपालिकाबाटै व्यवस्था गरि गाउँपालिका क्षेत्र भित्र एउटै बिक्री मूल्य कायम गरिनेछ ।

११४. बेमौसमी तरकारी, फलफूल खेती सम्बन्धी तालिमको व्यवस्था गरि उत्पादनमा जोड दिइनेछ।

११५. धान, गहुँ र मकै जस्ता बालीहरूको उत्पादनमा जोड दिन उन्नत बीउको व्यवस्था गरिनेछ ।

११६. कृषि र पशुपालनको उच्च सम्भावना भएकोले व्यवसायिक उत्पादन, बजार प्रवर्द्धन, किसान संरक्षण र प्रोत्साहन, तरकारी तथा मासु जन्य उत्पादनमा आत्मनिर्भर र निर्यातमुखी बनाउन शीत भण्डार ,कोल्ड चेम्बर ,हाट बजार लगायत आवश्यक नीति अवलम्बन गरिनेछ । साना व्यवसायिक कृषि उत्पादन केन्द्र (पकेट) कार्यक्रम सञ्चालन गरिनेछ ।

११७. नियमित बालि संरक्षण तथा आकस्मिक बालि संरक्षणको लागि अत्याआवश्यक विषादी सामाग्रीको व्यवस्था गरिनेछ ।

११८. डिप्लोमा कृषि प्राविधिक छात्रवृत्ति कार्यक्रम संचालन गरिनेछ ।

११९. सिंचाई सुविधा उपलब्ध नभएको क्षेत्रमा वर्षभरी नै सिंचाई गर्ने गरी आवश्यक पूर्वाधार निर्माणका कार्यक्रम सञ्चालन नियमित गरिनेछ ।

१२०. कृषि उत्पादनमा उत्पादन लागत घटाउन कृषि यान्त्रिकीकरण प्रवर्धन कार्यक्रम सञ्चालन गरिनेछ ।

१२१. कृषकको लगानीलाई आर्थिक जोखिमबाट सुरक्षित बनाउन र पशुधन संरक्षण गर्न पशु तथा बाली बिमालाई प्रोत्साहन गरिनेछ । पशुपन्छि सम्बन्धी महामारी नियन्त्रण तथा रोकथाम (लम्पी, रेविज) को लागि आवश्यक भ्याक्सिन, शिविरहरू सञ्चालन गरिनेछ ।साथै कृषकहरूको टोल टोलमा नै पहुँच हुने गरि पशुपन्छि स्वास्थ्य घुम्ती शिविर सञ्चालन गरिनेछ ।

१२२. कृषि तथा पशु रोग महामारी रोकथाम, नियन्त्रण तथा उपचारका लागि आवश्यक खोप, औषधि तथा विषादी र आवश्यक जनशक्तिको व्यवस्थापन सहित पूर्व तयारीको व्यवस्था गरिनेछ ।

१२३. स्वदेशमा नै रोजगारी सृजना हुने गरी व्यवसायिक गाई तथा भैंसीपालन, उन्नत पशु आहारा व्यवस्थापन, दाना प्रशोधन प्रविधि, हिउँदे तथा वर्षे घाँसको बिरुवा व्यवस्थापन गरी पशुको उत्पादकत्वमा वृद्धि गरिनेछ ।

बिरबल तामाङ
अध्यक्ष

१२४. कृषकहरूलाइ प्राविधिक सेवा पहुँच, सरल र सहज बनाउन प्रत्येक वडामा प्राविधिक सेवा सहित वडा सेवा केन्द्रबाट नै अत्यावश्यक पशु औषधी निःशुल्क रूपमा वितरण कार्यक्रमलाई निरन्तरता दिइनेछ ।

१२५. पशुपन्छि सम्बन्धी समस्या निदानको लागि पशु चिकित्सक(डाक्टर), प्रयोगशाला, उपचार, परामर्श आवश्यक यन्त्रउपकरण तथा गाउँपालिका स्तरीय ल्याव व्यवस्थापन गरिनेछ ।

१२६. पशु सुत्केरी भत्तालाई रूपान्तरण गरि दूध उत्पादनमा प्रोत्साहन गर्ने उद्देश्यले सङ्कलन केन्द्रमा दूध बिक्री गर्ने किसानलाई उत्पादन र बिक्रीका आधारमा अनुदान दिने व्यवस्था गरिनेछ ।

१२७. कृतिम गर्भाधान नक्ष सुधारको कार्यक्रमलाई निरन्तरता दिनेछ ।

१२८. स्वदेशमा नै रोजगारी सृजना हुने गरि थप व्यवसायिक बाख्रा, गाईभैंसि, कुखुरा, बंगुर फर्महरू विकास र विस्तार गरि उन्नत पशुपालनलाई जोड दिइ उन्नत पशु आहारा ब्यवस्थापन तथा वर्षे घाँसको बीउ तथा बिरुवा व्यवस्थापन गरी पशुको उत्पादकत्व वृद्धि गरिनेछ ।

१२९. उन्नत पशुपन्छि पालन विकासको लागि तालिम, प्रविधि हस्तान्तरण कार्यक्रम सञ्चालन गरिनेछ ।

रोजगार /उद्योग/लघु उद्यम विकांस नीति

१३०. श्रमको सम्मान गरीवी निवारण समृद्ध किस्पाङ हाम्रो अभियानको नारालाई श्रम सहभागिता संग जोड्न कामका लागि नगद कार्यक्रम संचालन गर्ने नीति अवलम्बन गरीनेछ ।

१३१. किस्पाङको पानी ब्राण्डीङ गरी पानी उद्योग संचालन गर्न लागत साझेदारी अनुदान को व्यवस्था गर्ने नीति अवलम्बन गरीनेछ ।

१३२. स्थानीय स्रोत साधनको परिचालन गर्दै बाँसका सामाग्री, झोला बुन्ने, स्यामा तथा तामाङ संस्कृतिका भेषभूषा तथा पहिरन निर्माण, गलैंचा बनाउने तथा स्थानीय मौलिकता झल्कने सामाग्रीहरूको लघु उद्यम व्यवसायलाई प्रवर्द्धन गरिनेछ।

१३३. आर्थिक स्तर कम भएका महिला, दलित, युवाहरूलाई लघु उद्यम व्यवसाय मार्फत रोजगारी सृजना गर्न लघु उद्यम सम्बन्धी सीप-मूलक तालिमहरू सञ्चालन गरिनेछ।

१३४. स्थानीय युवाहरुलाई उद्यमशिल कार्यसंग जोड्न र उद्यमशिलता विकास गर्न डल्लो साबुन बनाउने सिप विकास तालिम र प्रविधि हस्तान्तरणको नीति अवलम्बन गरीनेछ ।

१३५. युवाहरुलाई लक्षित गरी करियर काउन्सिलिङ र आवस्यक प्राविधिक सिप विकास तालिम संचालन गरिनेछ ।

१३६. आविष्कार, नविनतम खोज, अनुसन्धान र अन्वेषण तथा वैज्ञानिक सिपमुलक तालिमका लागि आवश्यक व्यवस्था गरीनेछ ।

विरवल तामाङ
अध्यक्ष

१३७. नास्पाती, आरूपखडा, किवी, कोदो जस्ता स्थानीय उत्पादनलाई कच्चा पदार्थको रूपमा प्रयोग गरि जाम जेलि, वाइन र रक्सी उत्पादनको सम्भाव्यता अध्ययन अनुसन्धान, उत्पादन तथा ब्रान्डिङको लागि थप प्रक्रिया सुरु गरिनेछ ।

१३८. व्यवसाय सञ्चालन गरिरहेका पुराना लघु उद्यमीहरूलाई थप स्तरोन्नतीका कार्यक्रमहरू सञ्चालन गरिनेछ। परम्परागत काठका ठेकि, पोङ जस्ता सामाग्री उत्पादन गर्ने नवीनतम् सीप र प्रविधि प्रयोग गरि जुत्ता चप्पल उत्पादन गर्ने लघु उद्यमीहरू सृजना गर्ने नीति लिइनेछ ।

१३९. समूहमा व्यवसाय गरीरहेका लघु उद्यमीहरूलाई सामूहिक रूपमा प्रविधिमा सहयोग कार्यक्रमहरू सञ्चालन गरीनेछ ।

१४०. लघु उद्यमीहरूको तथ्याङ्क व्यवस्थापन गरी व्यवसाय प्रवर्द्धनको लागि उचित कार्यक्रमहरू ल्याइनेछ।

१४१. रोजगार सेवा केन्द्रबाट आ.ब.०८१/०८२ मा कम्तीमा १०० जना सूचीकृत बेरोजगार व्यक्तिहरूलाई न्यूनतम १०० दिनको रोजगार प्रदान गरिनेछ ।

१४२. वैदेशिक रोजगारीबाट फर्केका युवाहरुलाई लक्षित गरी उद्यमशिलता विकास कार्यक्रम संचालन गरीनेछ ।

१४३. श्रमको सम्मान राष्ट्रको अभियान भन्ने नारालाई सामुदायिक पूर्वाधार निर्माणमा लागू गरिनेछ ।

१४४. गाउँपालिका स्तरीय योजनाहरू कार्यान्वयन गर्दा रोजगार सेवा केन्द्रमा सूचीकृत भएका बेरोजगार व्यक्तिहरूलाई उच्च प्राथमिकताका साथ रोजगारीमा लगाइनेछ ।

१४५. कमजोर आर्थिक अवस्था भएका लघु उद्यमीहरूलाई वित्तीय पहुँच पुर्याउन गरिबी निवारण कोष मार्फत विगतमा प्रवाह भएको ऋणलाई असुली गरी कोषको क्षमता वृद्धि गरी गरिबी निवारणको लागि बीउ पुँजीको रूपमा परिचालन गर्ने नीति लिइनेछ ।

## सहकारी नीति

१४६. स्थानीय उत्पादनलाई प्रोत्साहन तथा बजारीकरणको लागि स्थानीय उत्पादनमा आधारित सहकारी हाट बजार सञ्चालन गर्न आवश्यक पूर्वाधार तथा व्यवस्था गरिनेछ ।

१४७. फलफूल तथा तरकारीमा आत्म निर्भर बन्न प्रत्येक वडामा फलफूल तथा तरकारी संकलन केन्द्र संचालन गर्ने नीति अवलम्बन गरिनेछ ।

१४८. सहकारीहरू सबल, सक्षम र उत्कृष्ट बनाउन सहकारी व्यवस्थापन सम्बन्धी क्षमता अभिवृद्धि तालिम (कम्प्युटर तालिम) सहकारी व्यवस्थापन तालिम COPOMIS, PEARLS नेतृत्व विकास तथा विविध तालिमको व्यवस्था गरिनेछ ।

१४९. सहकारीहरूको निरन्तर नियमन गरिरहन अनुगमन तथा मूल्याङ्कन सुपरिवेक्षण तथा प्रोत्साहनको व्यवस्था गरिनेछ।

१५०. साना-साना पुँजी भएका अफिस कोठा र कर्मचारी समेत राखि कार्यसम्पादन गर्न नसक्ने सहकारीहरूकोहकमा अनुगमन तथा मूल्याङ्कनको आधारमा मर्जरको नीति लिइनेछ।

विरबल तामाङ
अध्यक्ष

## राजश्व नीति

१५१. किस्पाङ गाउँपालिकाको राजश्व सुधार योजना बमोजिम राजश्व प्रशासन सुधार, राजश्व दायरा वृद्धि, राजश्व सफ्टवेयरको प्रयोग गरी आन्तरिक आयलाई वृद्धि गरि दिगो स्रोतको रूपमा विकास गरिनेछ ।

१५२. राजश्व सुधार कार्ययोजना अनुसार व्यवसायिक कर लागू गर्ने नीति अवलम्बन गरिनेछ ।

१५३. स्थानीय सरकारको क्षेत्र भित्रका करको आधार फराकिलो पार्दै राजश्व वृद्धि गर्न कर तथा गैरकर राजश्वको अधिकतम परिचालन गरिनेछ ।

१५४. आम जनता र व्यवसायीलाई राजश्वको महत्वबारे जनचेतना वृद्धि गर्न कर शिक्षामा विशेष जोड दिईनेछ। गाउँपालिकालाई सबै भन्दा बढी कर तिर्ने करदाता व्यक्ति र व्यवसायिक संस्थालाई सम्मान गर्ने व्यबस्था गरिनेछ ।

१५५. राजश्व सम्बन्धी कर्मचारीहरूको दक्षता अभिवृद्धि गर्न तालिम लगायत क्षमता विकासका कार्यक्रमहरू सञ्चालन गरिनेछ ।

१५६. करदाता अभिलेखिकरण गर्ने नीति लिइनेछ ।

१५७. कर संकलनको लागि करदाताको सुविधाको लागि वडा तथा टोल स्तरमा कर संकलन शिविर सञ्चालन गरिनेछ ।

१५८. नियम अनुसार दर्ता नभई सञ्चालन भइरहेका व्यवसायलाई अनिवार्य करको दायरामा ल्याउने र एकीकृत सम्पत्ति कर लागू गर्ने नीति लिइनेछ ।

## भौतिक पूर्वाधार विकास नीति

१५९. पूर्वाधार विकासलाई दिगो पारदर्शी र जनसहभागिता मूलक बनाउँदै विकासमा प्रभावकारीता अभिवृद्धि गर्न टोल विकास संस्थालाई विकासको आवश्यकता महशुस गर्ने देखी कार्यक्रम सम्पन्न हुँदा सम्मका विभिन्न क्रियाकलापहरुमा संलग्न गराउने नीति अवलम्बन गरीनेछ ।

१६०. एकलाख भन्दा साना योजना तथा कार्यक्रमहरु टोलविकास संस्था मार्फत नै संचालन गर्ने नीति अवलम्बन गरीनेछ ।

१६१. भौतिक पूर्वाधार विकासको लागि सम्पन्न हुन नसकेका अपुरा योजनाहरू, क्रमागत विकास योजना, मुख्य सडक योजना, उत्पादन मूलक योजनाहरूलाई प्राथमिकता दिई सम्पन्न गर्ने नीति अवलम्बन गरिनेछ ।

१६२. खानेपानी, सडक, भवन निर्माण, गोरेटो बाटो, पहिरो नियन्त्रण, सिचाई लगायतको पूर्वाधार निर्माणमा संघीय सरकार, प्रदेश सरकार र स्थानीय सरकारबाट संविधानको मर्म र भावना

विरवल तामाङ
अध्यक्ष

अनुरूप साझा अधिकार क्षेत्रमा आपसि समन्वय सहकार्यमा योजना निर्माण, योजना सञ्चालन कार्य गरिनेछ ।

१६३. पूर्वाधार मर्मत तथा सम्भार कोष नीति तर्जुमा गरी सबै वडाहरूमा वर्षायाममा समेत यातायात सेवा सूचारू गर्न सडक मर्मत सम्भारलाई उच्च प्राथमिकता दिइनेछ र सडक मर्मत र सम्भारको लागि नियमित मर्मतसम्भारकर्ता परिचालनलाई निरन्तरता दिइनेछ ।

१६४. कोभिड १९ महामारीको कारण उत्पन्न बेरोजगारीको समस्यालाई सम्बोधन गर्न श्रममूलक योजनाहरूलाई प्राथमिकता दिई कार्यान्वयन गरिनेछ ।

१६५. दिगो विकास र सुरक्षाको लागि सडक मापदण्ड कार्यान्वयन गरी नक्सा तथा डिजाईन स्वीकृत तथा अभिलेखिकरण गर्ने कार्यलाई प्रभावकारी बनाइनेछ ।

१६६. पूर्वाधार तथा भवन नियमन शाखाको क्षमता बृद्धि गर्न आबश्यक न्युनतम सामग्रीहरूको व्यवस्था गर्नुका साथै आवश्यकता अनुसार कर्मचारीको क्षमता बिकासको लागि तालिम कार्यक्रमहरू सञ्चालन तथा सहभागिता गर्ने व्यवस्था गरिनेछ ।

१६७. भौतिक पूर्वाधारको गुणस्तर सुनिश्चित गर्न सुपरिवेक्षण तथा अनुगमन निर्देशिका अनुसार अनुगमन समितिलाई प्रभावकारी रूपमा परिचालन गरी अनुगमन गरिनेछ साथै अनुगमन समितिको मासिक बैठक बसी समीक्षा गर्ने र कार्यपालिकामा प्रतिवेदन पेश गर्ने व्यवस्था मिलाइनेछ ।

१६८. निर्माण व्यवसायी मार्फत कार्यान्वयन गरिने भौतिक पूर्वाधारका योजनाहरू पारदर्शिता सुनिश्चित गर्न विद्युतिय खरिद प्रक्रियालाई निरन्तरता दिइनेछ ।

१६९. भौतिक पूर्वाधारको योजनाहरू कार्यान्वयन गर्नु पूर्व संक्षिप्त वातावरणीय अध्ययन, प्रारम्भिक वातावरणीय परीक्षण, वातावरणीय प्रभाव मूल्याङ्कन जस्ता अध्ययन प्रक्रिया पूरा गरी कार्यान्वयन गरिनेछ ।

१७०. भौतिक पूर्वाधार निर्माणमा जनसहभागिता जुटाउने नीति लिइनेछ साथै उल्लेखनीय जनसहभागिता हुने क्षेत्रमा आगामी आ.व. को बजेटमा विशेष प्राथमिकता दिने नीति लिइनेछ ।

१७१. भौतिक पूर्वाधार निर्माणको गुणस्तरको परिक्षण गर्ने प्रविधिको व्यवस्था गरी गुणस्तर कायम राख्न विशेष प्राथमिकता दिँदै अनुगमन कार्यलाई थप प्रभावकारी बनाइनेछ ।

वन, वातावरण तथा विपद्व्यवस्थापन नीति

१७२. वनजन्य उत्पादन बाँस, निगालो, तथा काष्ठ सामाग्रीबाट घरेलु तथा साना उद्योग मार्फत रोजगार सिर्जना गर्ने नीति लिइएको छ ।

१७३. सुरक्षा नियकायलाई विपद् प्रतिकार्यका न्यूनतम सामाग्री व्यवस्थापन गरिनेछ ।

१७४. जडीबुटी नर्सरीको विकासमा जोड दिइनेछ ।

विरवल तामाङ
अध्यक्ष

१७५. किस्पाङ पोखरी, नौघडेरी, नौ घडेरी,चामछप्पा, लुम्बुडाँडा पर्यटन गुरू योजनामा पार्क र वनभोज स्थल निर्माण कार्यलाई निरन्तरता जोड दिइनेछ ।

१७६. बर्षे खहरे खोलाको बाढीको कारण उत्पन्न मानवीय जोखिम न्यूनीकरण गरी आवतजावत सहजिकरण गर्न झोलुङ्गे पुल निर्माणका लागि नेपाल सरकार, प्रदेश सरकार तथा विकास साझेदारहरूसँग सहकार्य गर्ने नीति लिइएको छ ।

१७७. गाउँपालिकाको कठिन भौगोलिक अवस्थाले जलउत्पन्न प्रकोप र पहिरो नियन्त्रण गर्ने कार्य चुनौतीपूर्ण भएकोले नियन्त्रणको लागि बायो ईन्जिनियरिङ र तार जाली गर्ने नीतिलाई निरन्तरता दिइएको छ ।

१७८. गाउँपालिका स्तरिय विपद् व्यवस्थापन ऐन, राहत र पुनःस्थापना मापदण्ड आपत्कालिन कार्य सञ्चालन केन्द्र सञ्चालन कार्यविधि, विपद् कार्ययोजना, विपद् तथा जलवायु, विपद् जोखिम नक्साङ्कन जस्ता कानून र योजना निर्माण गरिनेछ ।

१७९. गाउँपालिकामा वडास्तरिय विपद् तथा जलवायु उत्थानशिल समिति गठन गरी सक्रिय रूपमा परिचालन गरिनेछ ।

१८०. वडामा विपद् व्यवस्थापन समिति तालिम, स्टाक फोर्स गठन, प्राथमिक उपचार र खोज उद्धार तालिम कृतिम घटना अभ्यास र जनचेतनामूलक कार्यक्रम सञ्चालन गरिनेछ ।

१८१. बाढी, पहिरो र आगलागीबाट घरबार विहीन भएका वा वस्ति नै स्थानान्तरण गर्नु पर्ने भएका परिवारको निजी आवास निर्माण गर्न विपद् न्यूनिकरण तथा व्यवस्थापन प्राधिकरणको सहकार्यमा निर्माण सम्पन्न गरिनेछ ।

१८२. खोज तथा उद्धारको लागि मानवीय सेवामा समर्पित गैह्र नाफामूखी कल्याणकारी स्वयमंसेवक यूवाहरूको सामाजिक संस्था विकास गरि खोज तथा उद्धारको कार्य सञ्चालनको नीति लिईनेछ ।

१८३. विपदबाट प्रभावित व्यक्तिहरूलाई तत्कालको लागि गाँस वासको न्यूनतम व्यवस्थापन गर्न र पुनःस्थापना तथा पुनःलाभको कार्यक्रम सञ्चालन गर्न विपद् व्यवस्थापन कोष स्थापना गरिनेछ ।

१८४. विपद्जन्य घटनाबाट क्षति भएका सार्वजनिक तथा निजी संरचनाहरूको लागत साझेदारीमा पुनःनिर्माण तथा मर्मतसम्भार गरिनेछ ।

१८५. विपद् प्रतिकार्यको लागि खोज तथा उद्धार सामाग्रीको न्यूनतम मापदण्ड तयार पारी सामाग्रीको उचित व्यवस्थापन गरिनेछ ।

१८६. वातावरण मैत्री स्थानीय शासन प्रारूपले निर्दिष्ट गरेका विषय अनुरूप कार्य सञ्चालनको नीति लिइनेछ ।

विरवल तामाङ
अध्यक्ष

१८७. वातावरण सूधार तथा वन संरक्षण गर्न शव दाह गर्ने विधि र प्रकृयालाइ समया अनुकुल परिमार्जित गर्न शव दाह स्थल र विधिलाइ नवीकरणीय उर्जा मार्फत संचालन गर्न आवश्यक प्रकृया अगाडी वढाइने छ ।

<u>सुशासन तथा संस्थागत क्षमता विकास सम्बन्धी नीति</u>

१८८. जनताको गुनासो सम्बोधन मार्फत शुसासन तथा संस्थागत क्षमता अभिवृद्धि गर्दै जनमूखी शासन व्यवस्था स्थापना गर्न गुनासो सुन्ने टेलिफोन हटलाईन सेवा हेलो किस्पाङ संचालन गरिनेछ ।

१८९. गाउँपालिकाको क्षमता विकास योजना अनुरुप जनप्रतिनिधी तथा कर्मचारीको क्षमता विकास कार्यक्रम संचालन गरिनेछ ।

१९०. स्थानीय न्यायिक समितिबाट हुने न्याय सम्पादनको कार्यलाई प्रभावकारी बनाउँन वडा स्तरमा कानूनी सचेतना कार्यक्रम संचालन गर्ने नीति अवलम्बन गरीनेछ साथै मेलमिलाप कर्ताको कार्यलाई वडा स्तरमा विस्तार गर्न आवश्यक नीति अवलम्बन गरीनेछ ।

१९१. सम्पूर्ण स्वास्थ्य चौकी तथा सामुदायिक विद्यालयहरुमा इ-हाँजिरी प्रणालिको विस्तार गरी गाउँपालिकालाई इ-हाँजिरी युक्त गाउँपालिका कायम गरीनेछ ।

१९२. सार्वजनिक जवाफदेहीता अभिवृद्धि गर्न साथै कर्मचारीहरुलाई कार्यसम्पादनमा निपूर्ण बनाउन कर्मचारी र प्रधानाध्यापकहरु संग कार्यसम्पादन सम्झौता नीति अवलम्बन गरीनेछ ।

१९३. नागरिक वडा-पत्र अद्यावधिक, सूचना प्रणालीलाई व्यवस्थित र पारदर्शी बनाउने, गुनासो सुनुवाइ सम्बोधन गरी अभिलेख राख्ने व्यवस्था गर्न सूचना अधिकारी तथा गुनासो सुनुवाइ अधिकारीलाई प्रभावकारी बनाइनेछ ।

१९४. सेवाग्राहिको घर दैलोमै सेवा प्रवाह गर्न एकिकृत घुम्ति सेवा संचालन गरिनेछ ।

१९५. सुशासन र संस्थागत क्षमतालाई प्रभावकारी बनाउँन वडाकार्यालयको भौतिक संरचना सुधार गर्ने नीति अवलम्बन गरीनेछ ।

१९६. जनमुखी शासन प्रशासनीक अनुशासन र वित्तिय सुशासन कायम गर्न आवश्यक व्यवस्था गरीनेछ ।साथै सुशासनलाई प्रभावकारी बनाउँन गाउँपालिकामा सुशासन सम्पर्क व्यक्ति तोकिनेछ ।

१९७. गाउँपालिकामा सूचना केन्द्र स्थापना गरी ऐन, नियम, निर्देशिका, कार्यविधि र नीतिगत अभिलेख तथा तथ्याङ्कलाई व्यवस्थापन गर्ने र विकास, प्रशासन, राजनीति, कला, साहित्य आदिका पुस्तकहरूव्यवस्था गरि श्रोत केन्द्रको रूपमा विकास गरिनेछ ।

१९८. स्थानीय तहको संस्थागत स्वःमूल्याङ्कन कार्य प्रतिवेदन अनुसार कार्ययोजना कार्यान्वयन गरी संस्थागत क्षमता विकास गर्ने र स्वःमूल्याङ्कन नतिजामा उल्लेखनीय सुधार गर्ने व्यवस्था गरिनेछ । साथै विकास र प्रशासनलाई प्रभावकारी बनाउन गाउँपालिका अध्यक्ष र प्रमुख

विश्वा
अध्यक्ष

- प्रशासकीय अधिकृत तथा प्रमुख प्रशासकीय अधिकृत र शाखा प्रमुख बीच कार्य सम्पादन सम्झौता गरिनेछ।

१९९. खरिद प्रणालीलाई व्यवस्थित गर्न खरिद गुरू योजना वार्षिक खरिद योजना तयार गरी कार्यान्वयन गरिनेछ ।

२००. विकास साझेदार र गैरसरकारी संस्थासँगको सहकार्यलाई प्रभावकारी बनाउन चौमासिक समीक्षा गर्ने व्यवस्था गरिनेछं र अनुगमन समितिबाट सुपरिवेक्षण र अनुगमन गर्ने व्यवस्था गरिनेछ ।

२०१. गाउँपालिकाको ज्ञान तथा अभिलेख व्यवस्थापनका लागि प्रत्येक शाखाले त्रैमासिक/वार्षिक प्रगति समीक्षा गरी प्रतिवेदन तयार गर्ने र सार्वजनिक गर्ने व्यवस्था गरिनेछ ।

२०२. उत्तरदायी स्थानीय सरकार बनाउन सार्वजनिक सुनुवाइ र सामाजिक परीक्षण कार्यक्रम सञ्चालन र सार्वजनिक परीक्षणलाई प्रभावकारी कार्यान्वयन गरिनेछ।

२०३. गाउँपालिकाको वित्तीय प्रणाली, व्यवस्थित, पारदर्शी, विधिसम्मत र प्रभावकारी बनाउन स्थानीय तहको वित्तीय सुशासन जोखिम मूल्याङ्कन गर्ने नीति कार्यान्वयन गरिनेछ ।

२०४. सामुदायिक मेलमिलाप केन्द्रमार्फत बहु-सरोकारवाला विवाद निरूपणका लागि मेलमिलाप कर्ताको तालिम सञ्चालनको नीति लिईनेछ ।

२०५. प्रविधि मैत्री न्याय सम्पादन र न्यायिक सहजकर्ता मार्फत न्यायको पहुँचमा नभएका स्थानीय विपन्न नागरिकको लागि निःशुल्क कानूनी सेवा सञ्चालन गरिनेछ ।

२०६. शान्ती सुरक्षा

२०७. नगर प्रहरीको गठन, सञ्चालन, व्यवस्थापन, नियमनसम्वन्धी नीति, कानुन, मापदण्डको निर्माण र कार्यान्वयन गरी आवाश्यकताको आधारमा आगामी आ.ब. देखि नगर प्रहरी फोर्स गठन गरिने छ।

२०८. गाउँ पालिका भित्र शान्ती सुरक्षा र अमनचयन कायम गर्नका लागी नेपाल प्रहरीलाइ उच्च मनोबलका साथ काममा लगाउन आवाश्यक व्यवस्था गरिने छ।

२०९. रातको समयमा हुने अपराधका घटना हरुलाई निरुत्साहित गर्न पालिका भित्रका पाँचवटै वडाका मुख्य मुख्य ठाउँहरुमा सडक बत्ती र सिसिटिभी क्यामेरा को व्यवस्था गरिने छ।

२१०. अपराधको घटनाहरु हुन नदिन टोल स्तरबाटै जनचेतना जगाउन टोल विकास संस्था परिचालन गरिने छ। किस्पाङ जागरण अभियान लाइ यस कार्यमा जोडिने छ ।

२११. किस्पाङ गाउँपालिका क्षेत्र भित्र रहेका खोला नाला र नदीमा विषादी तथा अन्य गैह कानूनी तरिकाले माछा मार्ने र जैविक विविधतालाइ प्रभाव पार्ने गतिविधिलाई रोक्न शुन्य सहनशिलताको नीति लिइने छ ।

बिरबल तामाङ
अध्यक्ष

किस्पाङ गौरव योजना तथा कार्यक्रम सम्बन्धी नीति

२१२. प्राविधिक शिक्षाको विकास मार्फत अन्तराष्ट्रिय स्तरमा प्रतिस्प्रधा गर्न सक्ने प्राविधिक जनशक्ति निर्माण गर्न गाउँपालिकाको आफ्नै लगानीमा संचालित किस्पाङ बहु प्राविधिक शिक्षालय संचालन तथा व्यवस्थापनको लागि आवश्यक व्यवस्था गरीनेछ ।

२१३. कृषि तथा पशु क्षेत्रको विकास मार्फत आत्म निर्भर किस्पाङ निर्माण गर्न किस्पाङ कृषि रुपान्तरण परियोजना (कृषि तथा पशु लागत साझेदारी कार्यक्रम) संचालन गर्ने नीति ल्याईनेछ ।

२१४. समुन्नत पालिका हाम्रो सान म बनाउछु मेरो किस्पाङ भन्ने मूलनाराका साथ पालिकाको विकासमा श्रम सहभागिता बढाउन तथा समृद्धिका सम्पूर्ण आयामहरुमा स्वयंसेवक संस्था परिचालनको नीति अवलम्बन गरीनेछ ।

२१५. सामाजिक चेतनाको विकास, सवै प्रकारका विभेद शोषण र अन्यायको अन्त्य गर्न भाषा साहित्य र मौलिक कला तथा संस्कृतिको जगेर्ना गर्न किस्पाङ जागरण अभियान संचालन गरीनेछ ।

२१६. नमुना गाउँपालिका वनाउन देश भित्रका र विदेशका विभिन्न नगरपालिका/ गाउँपालिका संग भगिनी सम्वन्ध स्थापना गर्ने नीति लिइने छ ।

२१७. स्नातक तह सम्मको शिक्षालाई स्थानीय स्तरमै व्यवस्था गर्न स्थापना गरिएको फिकुरी बहुमूखी क्याम्पस संचालनको लागि क्याम्पस संचालन अनुदानलाई जोड दिईनेछ ।

२१८. परम्परागत तथा घरेलु उत्पादन तथा हस्तकलाका सामाग्रीहरुको प्रवर्धन गर्दै स्वरोजगारीको अवसर वृद्धि गर्न घरेलु उत्पादन तथा हस्तकलाका सामाग्री उत्पादनमा अनुदान कार्यक्रम संचालन गरीनेछ ।

२१९. स्थानीय पर्यटकीय क्षेत्रको विकास गर्न साल्मेको चामछाप फिकुरीको फिकुरी महादेव काहुलेको किस्पाङ पोखरी भाल्चेको भेडाफारम र मनकामनाको लुम्बु डाँडामा पर्यटकिय पुर्वाधार निर्माण आवश्यक व्यवस्था गर्ने नीति अवलम्बन गरीनेछ ।

२२०. स्थानीय उत्पादनलाई प्रोत्साहन गर्न र विदेशी रक्सीलाई निरुत्साहित गर्न लोकल रक्सि उत्पादन तथा प्रवर्धन कार्यक्रम लागत साझेदारी कार्यक्रम संचालन गरीनेछ ।

२२१. किस्पाङ भित्र लुकेर रहेको विभिन्न प्रतिभाको खोज र सम्मान गर्न किस्पाङको सान प्रतिभाको सम्मान र किस्पाङ प्रतिभा खोजि कार्यक्रम संचालन गरीनेछ ।

२२२. अध्यक्ष पालिका आपतकालित पुर्वाधार विकास कार्यक्रम संचालन गर्ने नीति गरीनेछ ।

२२३. स्थानीय रैथाने भाषा तथा संस्कृतीको संरक्षण र प्रवर्धन गर्न आवश्यक कार्यक्रम संचालन गरीनेछ ।

२२४. स्थानीय कला र संस्कृतीमा आधारित होमस्ट्रे संचालन गरी पर्यटन प्रवर्धनको नीति लिइने छ ।

विरबल तामाङ
अध्यक्ष

२२५. प्राचिन प्राकृतिक चिकित्सा प्रवर्धन कार्यक्रम संचालनमा ल्याईनेछ ।

२२६. उन्नतजातको बंकुर प्रजनन केन्द्र स्थापना तथा संचालनको लागि आवश्यक व्यवस्था गरीनेछ ।

अन्त्यमा

आर्थिक वर्ष २०८१/८२ को वार्षिक नीति तथा कार्यक्रम तयार गर्न महत्वपूर्ण भूमिका निर्वाहगर्नुहुने जनप्रतिनिधिहरू र गाउँपालिकाका कर्मचारीहरू साथै प्रत्यक्ष अप्रत्यक्ष रूपमा रचनात्मक सहयोग गर्ने राजनैतिक दल, विकास साझेदार, उद्यमी व्यवसायी, बुद्धिजीवी, पत्रकार, समाजसेवी, किसान,महिला तथा विभिन्न पेशामा संलग्न शुभेच्छुकहरू प्रति हार्दिक धन्यवाद ज्ञापन गर्न चाहान्छु ।

धन्यवाद!

विरवल तामाङ
अध्यक्ष

२२५. प्राचिन प्राकृतिक चिकित्सा प्रवर्धन कार्यक्रम संचालनमा ल्याईनेछ ।

२२६. उन्नतजातको बंकुर प्रजनन केन्द्र स्थापना तथा संचालनको लागि आवश्यक व्यवस्था गरीनेछ ।

अन्त्यमा

आर्थिक वर्ष २०८१/८२ को वार्षिक नीति तथा कार्यक्रम तयार गर्न महत्वपूर्ण भूमिका निर्वाहगर्नुहुने जनप्रतिनिधिहरू र गाउँपालिकाका कर्मचारीहरू साथै प्रत्यक्ष अप्रत्यक्ष रूपमा रचनात्मक सहयोग गर्ने राजनैतिक दल, विकास साझेदार, उद्यमी व्यवसायी, बुद्धिजीवी, पत्रकार, समाजसेवी, किसान,महिला तथा विभिन्न पेशामा संलग्न शुभेच्छुकहरू प्रति हार्दिक धन्यवाद ज्ञापन गर्न चाहान्छु ।

धन्यवाद!

विरवल तामाङ
अध्यक्ष